(अनुसूची-८ परियोजना कार्यान्वयन निर्देशिका,२०८२)

# जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना

...................... गाउँपालिका, गाउँ/नगर कार्यपालिकाको कार्यालय, ........

र

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

वीचको

# समझदारी पत्र

मितिः ...........................

स्थानः ............................

## प्रारम्भः

नेपाल सरकार र फिनल्याण्ड सरकारको संयुक्त वित्तीय लगानी तथा युरोपियन युनियनको सह-आर्थिक अनुदानमा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACC) कार्यान्वयन गर्न नेपाल सरकार र फिनल्यान्ड सरकार बीच २१ मे २०२४ मा सम्झौता भएको छ । उक्त परियोजना कार्यान्वयनका लागि स्वीकृत परियोजना दस्ताबेजमा भएको ब्यबस्था बमोजिम तीन तहका सरकार बीच (नेपाल सरकार, सुदूरपश्चिम र कर्णाली प्रदेश तथा छनौट गरिएका स्थानीय तह) जलवायु उत्थानशिल तथा यसका असर न्यूनीकरणमा सहयोग गर्ने उद्देश्यले भूमि उपयोग योजना तथा व्यवस्थापन, एकीकृत जलस्रोत व्यवस्थापन,वन पैदावर स्रोत व्यवस्थापन, वातावरणीय संरक्षण तथा व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण कार्यक्रममा प्रत्यक्ष सहयोग पुर्याउने गरी स्थानीय तहबाट प्रस्ताव भइ सुपरिवेक्षण समितिले स्वीकृत गरेका कार्यक्रम संचालन गरिनेछ ।

यो समझदारी पत्र ........... गाउँपालिका/नगरपालिका, गाउँ/नगर कार्यपालिकाको कार्यालय (यसपछि गाउँपालिका/ नगरपालिका भनिने) र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (यसपछि मन्त्रालय भनिने) बीच जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना सन् २०२९ सम्म कार्यान्वयन गर्ने गरी देहायका शर्तको अधिनमा रही संयुक्त समझदारी पत्रमा हस्ताक्षर गरिएको छ।

## १. गाउँपालिका/ नगरपालिका को भूमिका र जिम्मेवारीहरुः

क. जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना अन्तर्गत सञ्चालन गर्ने कार्यक्रम कार्यान्वयनका लागि गाउँपालिका र उपभोक्ता समितिले गर्नुपर्ने सहलागानिको अंशको सुनिश्चितता गाउँपालिकाले गर्नुपर्नेछ।

ख. यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने आयोजना छनौट गर्दा परियोजना दस्तावेज (भूमि उपयोग योजना तथा व्यवस्थापन, एकीकृत जलस्रोत व्यवस्थापन, वन पैदावर स्रोत व्यवस्थापन, वातावरणीय संरक्षण तथा व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण) का विषयक्षेत्रमा पर्नेगरी छनौट गर्नुपर्नेछ।

ग. कार्यक्रम र योजना छनौट गर्दा गाउँपालिकाले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को प्रक्रियाबमोजिम आयोजनाको छनौट गरी आफ्नो वार्षिक वजेट तथा कार्यक्रममा समावेश गर्नुपर्नेछ र सभाबाट स्वीकृत गराई तोकिएको समय र ढाँचामा मन्त्रालयमा पेश गर्नुपर्नेछ।

घ. परियोजनाको बजेट तथा योजना तर्जुमा र कार्यान्वयनका क्रममा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (GEDSI) लाई प्राथमिकता सहित जलवायु उत्थानशीलता, न्यून कार्बन उत्सर्जनयुक्त विकास, जैविक विविधताको संरक्षण तथा वातावरणीय संरक्षणका पक्षहरूलाई समेत विशेष ध्यान दिनुपर्नेछ।

ङ. कार्यक्रम तथा आयोजना छनौट गर्दा दीर्घकालीन प्रभाव पार्ने र स्थानीय तहको अधिकतम लागत सहभागिताको सुनिश्चितता भएका आयोजनालाई प्राथमिकता दिनुपर्नेछ।

च. गाउँपालिकाले आयोजनाको छनौट तथा प्राथमिकीकरण गर्दा आवधिक योजना, बिषय क्षेत्रगत योजना, स्थानीय तहको आयोजना बैंक, मध्यमकालीन खर्च संरचना एवम् आफूले तय गरेको जल उपयोग गुरुयोजना (WUMP),

जीविकोपार्जन सुधार योजना, N-WASH, स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्ययोजना (LDCRF), कृषि, वनसँग सम्बन्धित योजना तथा रणनीतिहरु, लैङ्गिक उत्तरदायी योजना तथा रणनीति, जस्ता दस्तावेजलाई मूल आधार लिनु पर्नेछ ।

छ. एउटै आयोजनामा यस कार्यक्रमबाहेक अन्य श्रोतको पनि लगानी हुने हुँदा त्यस्तो आयोजनाको श्रोतहरू पहिचान गरी एकमुष्ट खर्चको विवरणको अभिलेखीकरण र प्रतिवेदन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ। कार्यक्रमबाट सहलगानी भएका आयोजनाको श्रोतगत बजेट तथा खर्च विवरण सहितको कार्यक्रमको प्रगति प्रतिवेदन मासिक, त्रैमासिक तथा वार्षिक रुपमा गाउँपालिकाले मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ।

ज. यस परियोजना अन्तर्गत गाउँपालिकालाई सङ्घीय सरकारबाट सशर्त अनुदानको रुपमा प्राप्त रकम यसै परियोजनामा स्वीकृत कार्यक्रम तथा आयोजनामा मात्र खर्च गर्न सकिने छ।

झ. कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्दा प्रचलित कानुन तथा स्वीकृत परियोजना दस्तावेज अनुरुपका विपरित कुनै क्रियाकलाप नभएमा मन्त्रालयले अनुदान निकासा रोक्का राख्न सक्नेछ ।

ञ. यस कार्यक्रम अन्तर्गत संचालन हुने क्रियाकलापको गुणस्तर सुनिस्चित गर्ने, अनुगमन-मूल्यांकन तथा प्रतिवेदन गर्ने र कानून अनुसार लेखापरीक्षण गराउने जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

ट. गाउँपालिकाले परियोजना प्रतिनिधिको रोहवरमा उपभोक्ता समिति/समूहहरू सँग गरिएको छुट्टै द्वीपक्षीय सम्झौता अनुसार आयोजना कार्यान्वयन गर्नुपर्नेछ।

ठ. गाउँपालिकाले प्रत्येक आर्थिक वर्षको वार्षिक बजेट कार्यक्रममा आयोजनाको दिगोपना र मर्मत सम्भारको लागि आवश्यक व्यवस्था मिलाउनुपर्नेछ।

ड. सम्बन्धित स्थानीय तहले परियोजनाका बिकास गतिविधिको कार्यान्वयनको लागि कार्यपालिकालाई सहयोग गर्न गाउँपालिका अध्यक्षको नेतृत्वमा देहाय अनुसार परियोजना व्यवस्थापन समिति (PMC) गठन गर्नुपर्नेछः

<u>परियोजना व्यवस्थापन समिति (PMC) संरचना</u>

| | |
|---|---|
| अध्यक्ष | अध्यक्ष |
| उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |
| कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य (महिला) | सदस्य |
| पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| कृषि, वन तथा वातावरण, खानेपानी, घरेलु उद्योग शाखा प्रमुख | सदस्यहरु |
| परियोजनाको प्राविधिक सहायता (TA) सल्लाहकार | सदस्य |
| परियोजना अधिकृत (मतदान नगर्ने) | सदस्य |

(नोटः परियोजना व्यवस्थापन समिति (PMC) बैठकको लागि आवश्यक गणपूरक संख्यामा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, खानेपानी/सरसफाई तथा वातावरण इकाईको प्रमुख वा पूर्वाधार शाखा प्रमुख, र परियोजनाको प्राविधिक सहायता (TA) सल्लाहकार सहित चार जना समावेश हुनेछन्।)

ढ. उपाध्यक्षको अध्यक्षतामा रहेको अनुगमन समितिले नै परियोजनाको समेत अनुगमन गर्नुपर्नेछ। अनुगमन समितिले परियोजनाको चरणबद्ध कार्यपद्दति र अनुगमन निर्देशिका अनुसार सबै परियोजना गतिविधिको अनुगमन गर्नुपर्नेछ।

ण. स्वीकृत कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयनको लागि पर्याप्त कर्मचारीको व्यवस्था गर्नुपर्नेछ। यस उद्देश्यका लागि गाउँपालिकाले आफ्ना स्थायी कर्मचारी मध्येबाट सम्बन्धित काममा तालिम तथा दक्षता हासिल गरेको कुनै निश्चित कर्मचारीलाई जिम्मेवारी तोक्नसक्नेछ ।

## २. मन्त्रालयको भूमिका र जिम्मेवारीहरुः

क. तीनतहका सरकारवीच र अन्तरनिकाय समन्वय गर्ने ।

ख. द्विपक्षिय सम्झौतामा भएको व्यवस्था बमोजिम संस्थागत संरचनामा समन्वय गर्ने ।

ग. राष्ट्रिय परियोजना निर्देशकको सचिवालय व्यवस्थपन गर्ने ।

घ. परियोजना अन्तर्गत स्थानीय तहबाट सञ्चालन गरिने आयोजना कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहलाई आवश्यक सहयोग एवम् समन्वय गर्ने ।

ङ. परियोजना सुपरिवेक्षण समितिको निर्णय कार्यान्वयनका लागि आवश्यक समन्वय एवम् निर्णय गर्ने ।

च. परियोजनाको प्रभावकारी कार्यान्वयनको लागि यूरोपेली युनियन र फिनल्याण्ड सरकारसँग आवश्यक समन्वय गर्ने ।

छ. परियोजना कार्यान्वयनमा समग्र समन्वय, सहजीकरण, अनुगमन एवम् दिशानिर्देश गर्ने ।

झ. परियोजना कार्यान्वयनका लागि द्विपक्षिय सम्झौता बमोजिम श्रोत परिचालन, बजेट तथा कार्यक्रम छनौट र कार्यान्वयनमा सहजीकरण गर्ने ।

## ३. यसै समझदारीको अभिन्न अंग मानिनेः

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना कार्यालयसँग स्थानीय तहले गर्ने सम्झौता तथा परियोजना सुपरिवेक्षण समितिका निर्णय तथा निर्देशिका र मन्त्रालयबाट समय समयमा हुने परियोजना सम्बन्धी निर्णय यसै समझदारीको अभिन्न अंगका रुपमा रहने छ ।

## ४. मन्त्रालयको निर्णय अन्तिम हुनेः

यदि यस समझदारीपत्रका कुनै बुँदा तथा प्राबधानहरुमा परिमार्जन, संशोधन वा हटाउनु पर्ने आवश्यकता परेको खण्डमा द्विपक्षिय सम्झौता तथा परियोजना दस्तावेजमा भएको व्यवस्था बमोजिम थप स्पष्ट पारिनेछ । परियोजना कार्यान्वयनको क्रममा कुनै बाधा उत्पन्न भएमा परियोजना सुपरिवेक्षण समितिको निर्णय वमोजिम भएको सिफारिसका आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बाधा अड्काउ फुकाउनेछ ।

| ***स्थानीय तहको तर्फबाट*** | ***मन्त्रालयको तर्फबाट*** |
| --- | --- |
| हस्ताक्षरः ______________________ | हस्ताक्षरः ______________________ |
| नामः .................... | नामः ............................... |
| पदः प्रमुख प्रशासकीय अधिकृत | पदः उपसचिव |
| कार्यालयको छाप | मन्त्रालयको छाप |

| ***रोहबर*** | ***रोहबर*** |
| --- | --- |
| हस्ताक्षरः ______________________ | हस्ताक्षरः ______________________ |
| नामः ............................... | नामः ................................ |
| पदः गाउँपालिका/ नगरपालिका अध्यक्ष/ प्रमुख | पदः सचिव/प्रदेश परियोजना सन्योजक |
| कार्यालयको छाप | भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश सरकार/ जलस्रोत तथा उर्जा विकास मन्त्रालय, कर्णाली प्रदेश |

हस्ताक्षरः ______________________

नामः सान्ना-लीना राउतानेन

टीम लिडर, जलवायु परिवर्तन स्थानिय अनुकूलन परियोजना

परियोजनाको छाप

मिति ..................... गते, ...........(स्थान) ।